GUTTMACHER INSTITUTE

कृपा CREHPA

**तत्काल प्रकाशनको लागिः फेब्रुअरी १०, २०१७**


**सञ्चारकर्मीहरुका लागि सम्पर्क व्यक्ति**

कोलेट रोज, गुडमाकर इन्स्टिच्यूट
**ईमेलः** crose@guttmacher.org

प्रभाकर श्रेष्ठ, कृपा
**फोनः** +९७७-१-५५४६४८७
**ईमेलः** prabhakar@crehpa.org.np


# नेपालमा अनिच्छित गर्भ र गर्भपतन सम्बन्धी गरिएको प्रथम राष्ट्रियस्तरको अध्ययनको नतिजा सार्वजनिकरण

## गर्भपतनलाई कानुनी मान्यता दिई सेवाको पहूँच अभिवृद्धि गर्न पहलहरु भई रहेतापनि धेरै महिलाहरुले अझै लुकीछिपि रुपमा असुरक्षित तथा गैरकानुनी गर्भपतन गर्ने गरेका छन्।

नेपालमा पहिलो पटक गरिएको अनिच्छित गर्भ र गर्भपतन सम्वन्धी राष्ट्रियस्तरको अध्ययनले गर्भपतनले कानुनी मान्यता पाए तापनि धेरै महिलाहरुले गर्भपतनको लागि सरकारबाट स्वीकृति वा तालिम नलिएका व्यक्तिहरुबाट असुरक्षित गर्भपतन गराउने गरेको पाइएको छ। **वातावरण स्वास्थ्य र जनसख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा)** र अमेरिकास्थित **गुडमाकर इन्स्टिच्यूट** नामक संस्थाहरुले संयुक्त रुपमा "नेपालमा अनिच्छित गर्भ र गर्भपतनको स्थिति" को बारेमा गरेको एक राष्ट्रियस्तरको अध्ययनले नेपालमा वार्षिक करिव ३२३,००० गर्भपतन हुने गरेको देखिएको छ। गर्भपतनको यो संख्या प्रति १,००० प्रजनन् उमेरका (१५ देखि ४९ वर्षका) महिलाहरुमा ४२ जनाका दरले हुन आउँछ। यस्ता गर्भपतनहरु मध्ये केवल ४२% मात्र गर्भपतनका लागि सरकारले कानुनी मान्यता दिएका स्वास्थ्य संस्थाहरुमा हुने गरेको पाइएको छ।

यस अध्ययनले नेपालमा सन् २०१४ मा आधाजसो गर्भ, अनिच्छित भएको र विकास क्षेत्र अनुसार फरक फरक रहेको देखाएको छ। जस अनुसार सबैभन्दा थोरै ३४% अनिच्छित गर्भ सुदूर-पश्चिमाञ्चल विकास क्षेत्रमा र सबैभन्दा बढि ५९% मध्यमाञ्चल विकास क्षेत्रमा भएको देखाएको छ। यस्तै गर्भपतनको दर पनि विकास क्षेत्र अनुसार फरक फरक रहेको अध्ययनले देखाएको छ, जसमा सबैभन्दा कम सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा (प्रति १,००० प्रजनन् उमेरका १५ देखि ४९ वर्षको महिलामा २१ गर्भपतन) र मध्य-पश्चिमाञ्चल विकास क्षेत्रमा (प्रति १,००० प्रजनन् उमेरका १५ देखि ४९ वर्षको महिलामा २७ गर्भपतन) थियो भने सबैभन्दा बढि मध्यमाञ्चल विकास क्षेत्रमा (प्रति १,००० प्रजनन् उमेरका १५ देखि ४९ वर्षको महिलामा ५९ गर्भपतन) हुने गरेको पाइएको छ। नेपालमा कुल गर्भहरु मध्ये ३१% र अनिच्छित गर्भहरु मध्ये ६२% गर्भपतन हुने गरेको पाइएको छ।

कृपाका सह-निर्देशक तथा यस अध्ययनका प्रमुख अनुसन्धानकर्ता डा.महेश पुरीले भन्नु भयो "यद्यपी सुरक्षित तथा कानुनी रुपमा गरिने गर्भपतन सेवाको विस्तारमा हामीले उल्लेख्य प्रगति गरेका छौं, यस सेवामा सबै महिलाहरुको सहज पहूँच प्रत्याभूत गर्न अझ धेरै प्रयासहरु गर्नुपर्ने हाम्रो अध्ययनको नतिजाले देखाएको छ।" उहाँले भन्नुभयो "महिलाहरुलाई अहिले पनि गर्भपतन सम्बन्धी कानुनी व्यवस्था र सेवाको बारेमा जानकारी नहुनु, सबैका लागि सहज तथा पहूँच योग्य सेवा हुन नसक्नु, सेवा शुल्क महँगो हुनु एवम् गर्भपतन प्रतिको समाजको नकारात्मक धारणा तथा गर्भपतन गर्ने महिलाहरुमाथि लाग्ने लान्छना आदिका कारणले महिलाहरुले सुरक्षित गर्भपतन सेवा लिन सकिरहेका छैनन्।"

GUTTMACHER INSTITUTE

कपा CREHPA

असुरक्षित तथा गैरकानुनी गर्भपतनलाई अझै रोक्न नसकेपनि सन् २००२ मा गर्भपतनले कानुनले मान्यता पाएपछि नेपालको मातृमृत्यु दरमा भन्दै उल्लेखनिय कमि आएको छ । सन् १९९५ मा प्रति १००,००० जिवित जन्ममा मातृमृत्यु दर ५८० रहेकोमा सन् २०१३ मा आईपुग्दा यो दर १९० मा झरेको छ । यस्तै गर्भपतनले कानुनी रुपमा वैधता पाएपछि गर्भपतन पछि हुने गम्भिर प्रकृतिका समस्याहरुमा पनि उल्लेख्य रुपमा कमि आएको छ ।

नेपालको अनिच्छित गर्भको दर धेरै हुनुमा परिवार नियोजनका साधनहरुको उच्च अपरिपूर्त माग रहेको तर्फ संकेत गर्दै गुडमाकर इन्स्टिच्यूटका अन्तरराष्ट्रिय अनुसन्धानका निर्देशक डा. अकिनरिनोला बान्कोलले भन्नु भयो “धेरैजसो गर्भपतनको मुख्य जड नै अनिच्छित गर्भ हो । गुणस्तरिय परिवार नियोजन सेवा संगसगै परामर्श सेवा तथा सबै प्रकारका साधनहरुको पहूँचमा सुधार गर्नु नै अनिच्छित गर्भ र गर्भपतनको दर घटाउने एउटा प्रमुख उपाय हो ।”

विभिन्न कारणहरुले गर्दा मध्यमाञ्चल विकास क्षेत्रमा अनिच्छित गर्भ र गर्भपतनको दर उच्च रहेको हुन सक्छ । मध्यमाञ्चल विकास क्षेत्रमा देशको राजधानी काठमाण्डौ सहित धेरै शहरी क्षेत्र समेत पर्नु, अन्य विकास क्षेत्रका दम्पत्तिहरुको तुलनामा यस क्षेत्रका दम्पत्तिहरुमा सानो परिवारको चाहना बढी हुनु, ढिला विवाह गर्ने प्रचलन हुनु र विवाह पूर्व नै यौन सम्बन्ध रहनु जस्ता कारणले अनिच्छित गर्भ रहने सम्भावना उच्च भई गर्भपतन गर्नेको संख्या बढि भएको हुन सक्छ । यस्तै यो क्षेत्रमा गर्भपतन सेवा प्रदायकहरुको संख्या धेरै हुनु, अन्य छिमेकी जिल्लाहरुका महिलाहरुले पनि मध्यमाञ्चल क्षेत्रमा नै आएर गर्भपतन सेवा लिन सक्ने आदि कारणहरुले पनि धेरै देखिएको हुन सक्दछ ।

असुरक्षित गर्भपतन न्यूनिकरणका लागि यस अध्ययनमा संलग्न अनुसन्धानकर्ताहरुले उच्च गुणस्तरिय परिवार नियोजन सेवाको विस्तार गर्नु पर्ने, विशेषगरि निशुल्क एवम् सर्वसुलभ सुरक्षित गर्भपतन सेवाको पहूँच ग्रामिण क्षेत्रमा बढाउनु पर्ने र गर्भपतन सम्बन्धी कानुनी व्यवस्था एवम् सुरक्षित गर्भपतन सेवाको बारेमा व्यापक सूचना तथा सन्देशहरु संप्रेषण गर्नु पर्ने सुझाव दिएका छन् ।

यो अध्ययनको बारेमा थप जानकारीहरु, डा. महेश पुरी तथा अन्य लेखकहरुले लेख्नु भएको "Abortion Incidence and Unintended Pregnancy in Nepal," नामक लेख *International Perspectives on Sexual and Reproductive Health* भन्ने जर्नलमा अनलाइन उपलब्ध छ ।

*यो अध्ययन डच सरकारको परराष्ट्र मन्त्रालय, नर्वे सरकारको विकास सहयोग एजेन्सी र बेलायत सरकारको आर्थिक अनुदानमा सम्पन्न गरिएको थियो । यस प्रस विज्ञप्तीमा उल्लेख भएका तथ्य तथा विचारहरु अनुसन्धाकर्ताहरुको निजी विचार हुन् जुन दात्ताहरुको औपचारिक नीतिसँग मेल नखान सक्दछ ।*